नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

पत्र संख्या :- ०८२।८२
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ६५

सिंहदरबार
काठमाडौं, नेपाल

मितिः २०८२।०८।१४
ने.सं.११४६ थिंल्लाथ्व, दशमी

बिषयः शरणार्थीका नाबालकको जन्म दर्ता निस्सा सम्बन्धमा।

श्री स्थानीय तहहरु,
काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, झापा, तनहुँ, गोरखा, मुस्ताङ, सोलुखुम्बु, बाग्लुङ, मोरङ, ताप्लेजुङ, इलाम, संखुवासभा, दोलखा, सिन्धुपाल्चोक, रसुवा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), डोल्पा, जुम्ला, हुम्ला र दार्चुला जिल्ला भित्रका सबै।

प्रस्तुत सम्बन्धमा गृह मन्त्रालय, शरणार्थी मामिला समन्वय सम्बन्धी राष्ट्रिय इकाईको च.नं. ३७६ मिति २०८२/८/१ को पत्र यसैसाथ संलग्न छ। सोही पत्रबाट बेहोरा अवगत गरी तहाँ स्थानीय तहमा बसोबास गरिरहेका नेपाल सरकारबाट शरणार्थी परिचयपत्र प्राप्त गरेका शरणार्थी (भुटानी तथा तिब्बती) र शरणार्थी परिचयपत्र पाईसकेपछी जन्म भएका निजका सन्तानहरुको सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा तथ्याङ्क प्रयोजनको लागि छुट्टै अभिलेख राखि जन्म दर्ता विवरण सम्बन्धी निस्सा प्रदान गर्ने र जन्म दर्ता निस्सा प्रदान गरिएपश्चात सो सम्बन्धी अभिलेखको विवरण मासिक रुपमा स्थानीय तहले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउने व्यवस्था गर्नु गराउनुहुन अनुरोध छ।

२०८२।८।१४
(नमराज घिमिरे)
महानिर्देशक

बोधार्थः
श्री गृह मन्त्रालय, शरणार्थी मामिला समन्वय सम्बन्धी राष्ट्रिय इकाई, सिंहदरबार।
श्री जिल्ला प्रशासन कार्यालय, काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, झापा, तनहुँ, गोरखा, मुस्ताङ, सोलुखुम्बु, बाग्लुङ, मोरङ, ताप्लेजुङ, इलाम, संखुवासभा, दोलखा, सिन्धुपाल्चोक, रसुवा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), डोल्पा, जुम्ला, हुम्ला र दार्चुला।
श्री स्थानीय पञ्जिकाधिकारी, सम्बन्धित सबै।

*नोटः जन्म दर्ता निस्सा प्रदान गर्दा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (VERSP-MIS) को विशेष परिस्थिती मेनुमा रहेको शरणार्थी छानी आमा र बाबु दुवै जनाको शरणार्थी परिचयपत्रको विवरण राखि निजहरुको नाबालकको जन्म दर्ता निस्सा जारी गर्न सकिने छ।*

सम्पर्क नं.: ४२०००१६, ४२०००१४, ४२००८९४, ४२११५६१, टोल फ्रि नं. : १६६००१९६६६६
Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
donidcrplanning@gmail.com, account@donidcr.gov.np, Website: www.donidcr.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं
द.नं. १४५५
मिति: ८।२

नेपाल सरकार
गृह मन्त्रालय
शरणार्थी मामिला समन्वय सम्बन्धी राष्ट्रिय इकाई

पत्र संख्या :- ०८२/०८३
चलानी नं.:- ३७६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति २०८२/८/१
नेंसं. ११४६

**विषयः-** शरणार्थीका नाबालकको जन्म दर्ता लगत सम्बन्धमा।

श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग,
सिंहदरवार, काठमाडौं।

प्रस्तुत विषयमा नेपालमा रहेका भुटानी तथा तिब्बती शरणार्थीहरुसंग सम्बन्धित व्यक्तिगत घटनाको अभिलेख र दर्ता सम्बन्धी व्यवस्था गर्न नेपाल सरकारबाट शरणार्थी परिचयपत्र प्राप्त शरणार्थी र शरणार्थी परिचयपत्र पाईसकेपछि जन्म भएका निजका सन्तानहरुको सम्बन्धित स्थानीय प्रशासनबाट पञ्जीकाधिकरीको कार्यालयमा तथ्याङ्क प्रयोजनको लागि छुट्टै अभिलेख राखी देहाय वमोजिमको विवरण संलग्न राखी जन्म दर्ता विवरण सम्बन्धी निस्सा प्रदान गर्नसाथै जन्म दर्ता निस्सा प्रदान गरिएपश्चात स्थानीय तहमा रहने अभिलेखको विवरण मासिक रुपमा स्थानीय तहले सम्बन्धीत जिल्ला प्रशासन कार्यालयमा अभिलेख सहित पठाउने र जिल्ला प्रशासन कार्यालयमा प्राप्त विवरण जिल्ला प्रशासन कार्यालयले एकिकृत गरी यस मन्त्रालयमा अभिलेख सहित पठाउने व्यवस्था हुन तहाँ विभागमार्फत भुटानी तथा तिब्बती शरणार्थी रहेका स्थानीय तहहरुलाई आवश्यक निर्देशन प्रदान गर्नुहुन मिति २०८२/७/२७ को निर्णय (सचिवस्तर) अनुसार अनुरोध छ।

देहाय;

जन्म दर्ता निस्सामा खुलाउन पर्ने विवरणः- नावालकको नाम, वावु र आमाको नाम थर तथा परिचयपत्र नं, ठेगाना, जन्म मिति, लिङ्ग।

०८।८।१
(दिपेश छाङ्छा)
शाखा अधिकृत

वोधार्थः
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं।
श्री जिल्ला प्रशासन कार्यालय,
काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, झापा, तनहुँ, गोरखा, मुस्ताङ, सोलुखुम्बु, बाग्लुङ, मोरङ, ताप्लेजुङ, इलाम, संखुवासभा, दोलखा, सिन्धुपाल्चोक, रसुवा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), डोल्पा, जुम्ला, हुम्ला, दार्चुला।

☎१-४२११२०६, ०१-४२११२१६, ०१-४२११२६६
localadmin@moha.gov.np